4th September 2026, Friday

National News

प्रमुख समाचार

१. GSLV-F17 मार्फत EOS-05 सफल प्रक्षेपण, प्रधानमन्त्री मोदीद्वारा ISRO को प्रशंसा

२. देशभरमा श्रद्धा र उल्लासका साथ जन्माष्टमी मनाइँदै

३. राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा देशवासीलाई जन्माष्टमीको शुभकामना

४.भारत–फ्रान्समाझ अन्तरिक्ष सहकार्य थप सुदृढ बनाउने विषयमा छलफल

१. EOS-05 सफल प्रक्षेपण-प्रधानमन्त्री

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले GSLV-F17 रकेटमार्फत EOS-05 को सफल प्रक्षेपणप्रति ISRO लाई बधाई दिनुभएको छ। सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिनु हुँदै प्रधानमन्त्री मोदीले यो सफल प्रक्षेपण भारतको अन्तरिक्ष क्षेत्रमा रहेको उत्कृष्टता, नवप्रवर्तन र बढ्दो क्षमताको प्रतिबिम्ब भएको बताउनुभएको छ।

प्रधानमन्त्री मोदीले EOS-05 को सफल प्रक्षेपणलाई ISRO को उत्कृष्ट उपलब्धि तथा सम्पूर्ण राष्ट्रका लागि गर्वको क्षणका रूपमा समेत वर्णन गर्नुभएको छ।

२. जन्माष्टमी

भगवान श्रीकृष्णको जन्मोत्सवको पर्व जन्माष्टमी आज देशभरमा श्रद्धा र उल्लासका साथ मनाइँदैछ। जन्माष्टमीको अवसरमा मन्दिर तथा घरहरू आकर्षक रूपमा सजाइएको छ । उत्तर प्रदेशको मथुरा–वृन्दावन, भगवान श्रीकृष्णको नगरीमा जन्माष्टमीका भव्य कार्यक्रमका लागि तयारी पूरा भएको छ। मुख्यमन्त्री योगी आदित्यनाथ आज मथुरामा आयोजना हुने जन्माष्टमी समारोहमा सहभागी हुनुहुनेछ।

३. जन्माष्टमीको शुभकामना

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री सी.पी. राधाकृष्णन र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जन्माष्टमीको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ। राष्ट्रपति मुर्मुले भगवान श्रीकृष्णका जीवन र शिक्षाले भारतीय संस्कृति तथा दर्शनलाई प्रेरणा दिएको बताउनु हुँदै समावेशी र विकसित भारत निर्माणका लागि उहाँका आदर्श आत्मसात गर्न आह्वान

गर्नुभएको छ। उपराष्ट्रपति राधाकृष्णनले श्रीकृष्णका शिक्षाले सत्य, धर्म, कर्तव्य र सदाचारको मार्गमा अघि बढ्न प्रेरणा दिने बताउनुभएको छ। प्रधानमन्त्री मोदीले श्रीकृष्णका दिव्य सन्देशले निःस्वार्थ कर्मका लागि मानवतालाई निरन्तर प्रेरित गर्दै आएको उल्लेख गर्दै सबैको जीवनमा सकारात्मक ऊर्जा र शक्ति प्रदान होस् भन्ने शुभकामना व्यक्त गर्नुभएको छ।

४. अटोमोबाइल उद्योग

वाणिज्य तथा उद्योगमन्त्री पीयूष गोयलले भारतको अटोमोबाइल उद्योगलाई स्थानीय उत्पादन बढाउन, निर्यात विस्तार गर्न र विश्व बजारका लागि तयार रहन आह्वान गर्नुभएको छ। नयाँ दिल्लीमा आयोजित ६६औँ SIAM वार्षिक सम्मेलनलाई सम्बोधन गर्नु हुँदै मन्त्री गोयलले बढ्दो व्यापार साझेदारी, घरेलु बजार र विश्वव्यापी उत्पादन क्षेत्रमा आएको परिवर्तनबाट उद्योगले अवसर लिनुपर्ने बताउनुभयो। उहाँले अटोमोबाइल क्षेत्र आगामी दिनमा भारतको आर्थिक वृद्धिको महत्वपूर्ण चालक बन्ने उल्लेख गर्नुहुँदै कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोगले उद्योगलाई थप प्रभावकारी, प्रतिस्पर्धी र ग्राहक–मैत्री बनाउन सहयोग गर्ने बताउनुभयो।

५. भारत–बेल्जियम

केन्द्रीय नागरिक उड्डयन मन्त्री राममोहन नायडूले आज बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभरसँग भेटवार्ता गर्नुभएको छ। भेटका क्रममा नागरिक उड्डयन क्षेत्रमा भारत–बेल्जियम सहकार्यलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको छ।
दुवै पक्षबीच प्रत्यक्ष हवाई सम्पर्क, उच्च मूल्यका औषधिजन्य सामग्रीका लागि हवाई कार्गो तथा उन्नत हवाई यातायात लगायतका क्षेत्रमा सहकार्यबारे चर्चा भएको थियो। मन्त्री नायडूले भारत–ईयू मुक्त व्यापार सम्झौता वार्ता सम्पन्न भएसँगै भारत र बेल्जियमबीच व्यापार तथा लगानी सम्बन्ध थप विस्तार गर्ने ठूलो सम्भावना रहेको बताउनुभएको छ।

६. ब्रिक्स मुख्य न्यायाधीश मञ्च

ब्रिक्स मुख्य न्यायाधीश मञ्च आज नयाँ दिल्लीमा सुरु भएको छ। सर्वोच्च अदालतले आयोजना गरेको यस मञ्चमा ब्रिक्स सदस्य राष्ट्र तथा साझेदार राष्ट्रका मुख्य न्यायाधीश, सर्वोच्च अदालतका न्यायिक प्रमुख तथा वरिष्ठ न्यायिक प्रतिनिधिहरू सहभागी भइरहेका छन् । भारतका प्रधान न्यायाधीश न्यायमूर्ति सूर्यकान्तले रुस, चीन, इजिप्ट, इन्डोनेसिया, संयुक्त अरब

इमिरेट्स, बेलारुस, कजाखस्तान, दक्षिण अफ्रिका, इरान र उज्बेकिस्तानका न्यायिक प्रतिनिधिमण्डलका प्रमुखहरूसँग द्विपक्षीय बैठक गर्नुहुनेछ।
बैठकमा पारस्परिक न्यायिक हितका विषयमा छलफल गर्नुका साथै न्यायपालिकाबीचको सहकार्यलाई सुदृढ बनाउने विषयमा जोड दिइनेछ।तीनदिने यस मञ्चले न्याय प्रणाली, अन्तर्राष्ट्रिय विवाद समाधान, प्रविधि र दिगो विकासजस्ता विषयमा छलफल गर्ने अवसर प्रदान गर्नेछ।

७.भारत–फ्रान्स

केन्द्रीय राज्यमन्त्री डा. जितेन्द्र सिंहले अन्तरिक्ष क्षेत्रमा भारत–फ्रान्स सहकार्यलाई थप गहिरो बनाउने विषयमा फ्रान्सका उच्च शिक्षा, अनुसन्धान तथा अन्तरिक्ष मन्त्री प्रोफेसर फिलिप ब्याप्टिस्टसँग छलफल गर्नुभएको छ। भिडियो कन्फरेन्समार्फत भएको द्विपक्षीय बैठकमा मानव अन्तरिक्ष उडान, उन्नत अन्तरिक्ष प्रविधि तथा दुवै देशका अन्तरिक्ष निकाय र उद्योगबीच सहकार्य बढाउने विषयमा चर्चा भयो। बैठकमा पेरिसमा आयोजना हुने अन्तर्राष्ट्रिय अन्तरिक्ष सम्मेलनमा भारतको सहभागिता तथा बेङ्गलुरु स्पेस एक्स्पोमा फ्रान्सको सहभागिताबारे पनि छलफल भएको छ। दुईदिने अन्तर्राष्ट्रिय अन्तरिक्ष सम्मेलन आगामी ९ सेप्टेम्बरदेखि पेरिसमा सुरु हुनेछ भने बेङ्गलुरु स्पेस एक्स्पो ७ देखि ९ सेप्टेम्बरसम्म आयोजना हुँदैछ। प्रोफेसर ब्याप्टिस्ट यसै महिनाको अन्त्यमा भारत भ्रमणमा आउने बताइएको छ।

८. न्यायिक अधिकारी-अवकाश उमेर ६२

भारतको सर्वोच्च न्यायालयले सात राज्यका न्यायिक अधिकारीको अवकाश उमेर ६० बाट बढाएर ६२ वर्ष पुऱ्याउन निर्देशन दिएको छ। प्रधानन्यायाधीश सूर्यकान्त तथा न्यायमूर्ति जोय माल्य बागची र भी. मोहना सम्मिलित इजलासले छत्तीसगढ, कर्नाटक, मध्य प्रदेश, महाराष्ट्र, सिक्किम, तमिलनाडु र पश्चिम बंगाललाई सेवा नियम संशोधन गर्न आदेश दिएको हो। न्यायालयले ६० वर्ष पुगेका न्यायिक अधिकारीलाई ६२ वर्षसम्म सेवा जारी राख्न सम्बन्धित उच्च अदालतबाट उपयुक्तता तथा कार्यसम्पादन मूल्यांकन गराउनुपर्ने जनाएको छ। साथै, ३१ मार्च २०२६ वा त्यसपछि अवकाश लिएका सम्बन्धित राज्यका न्यायिक अधिकारीलाई निश्चित सर्तसहित पुनः न्यायिक सेवामा फर्कने सीमित अवसरसमेत दिइएको छ। सर्वोच्च अदालतले सम्बन्धित राज्यलाई दुई साताभित्र प्रक्रिया पूरा गरी अनुपालन प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ।

## ९. प्रधानमन्त्री मोदी-SRCC

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा श्रीराम कलेज अफ कमर्सको शताब्दी समारोहमा सहभागी भई सम्बोधन गर्नुहुनेछ। दिल्ली विश्वविद्यालय अन्तर्गत SRCC भारतका प्रतिष्ठित उच्च शिक्षण संस्थामध्ये एक हो। सन् १९२६ मा उद्योगपति तथा समाजसेवी सर श्रीरामद्वारा स्थापित कलेजले वाणिज्य, अर्थशास्त्र र व्यवस्थापन क्षेत्रमा विद्यार्थीलाई शिक्षा प्रदान गर्दै आएको छ। कलेजको शताब्दी समारोह शिक्षक दिवससँगै पर्न गएकोले यस अवसरलाई विशेष महत्वका साथ हेरिएको छ।

## १०. नेपाल–तिब्बत बाढी

नेपाल–तिब्बतमा आएको विनाशकारी आकस्मिक बाढीमा मृत्यु हुनेको संख्या १ हजार २८२ पुगेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हिजो साँझसम्म ५ हजार ५३ जना बेपत्ता रहेको जानकारी पाइएको छ । पीडितको पहिचानका लागि नेपालले डीएनए परीक्षणसमेत सुरु गरेको छ।

यसैबीच, भोटेकोशी बाढीपछि त्रिशूली–३ ए जलविद्युत् आयोजनाको सुरुङमा १० दिनदेखि फसेका दुई जनालाई जीवितै उद्धार गरिएको छ। नेपाल सेना अनुसार सुरुङभित्रबाट आवाज सुनेपछि उद्धार कार्य तीव्र पारिएको थियो। हालसम्म १२ हजारभन्दा बढी मानिसको उद्धार गरिएको छ।

## ११.महिला एसिया कप

भारतले महिला एसिया कप २०२६ को सातौँ खेलमा चीनको हङकङ टोलीलाई १३७ रनले पराजित गरेको छ। यस जितसँगै भारतीय महिला क्रिकेट टोली सेमिफाइनलमा प्रवेश गरेको छ। दुबई इन्टरनेसनल क्रिकेट स्टेडियममा पहिलो ब्याटिङ गरेको भारतले ओपनर स्मृति मन्धानाको शतकीय पारीको मद्दतमा ५ विकेट गुमाएर १९३ रन बनाएको थियो। जवाफमा चीन १६ ओभर २ बलमा ५६ रनमै समेटियो। भारत समूहको शीर्ष स्थानमा कायम छ र टोलीले ५ सेप्टेम्बरका दिन पाकिस्तानविरुद्ध अन्तिम समूह खेल खेल्नेछ।